# नेपाल विद्युत प्राधिकरण
## प्रधान कार्यालय, काठमाडौं

**खुला प्रतियोगितात्मक परीक्षाद्वारा स्थायी पदपूर्ति गर्ने सम्बन्धी सूचना**

(प्रकाशित मितिः २०७६/११/०२ गते)

नेपाल विद्युत प्राधिकरणको देहायबमोजिमका पदहरु **लोक सेवा आयोगद्वारा** लिइने खुला प्रतियोगितात्मक लिखित परीक्षाद्वारा स्थायी पदपूर्ति गर्नुपर्ने भएकोले तपसीलमा उल्लेखित योग्यता पुगेका ईच्छुक नेपाली नागरिकहरुबाट रितपुर्वकको दरखास्त आव्हान गरिएको छ । तोकिएको न्युनतम योग्यता पुगेका उमेद्वारहरुले ने.वि.प्रा.को अनलाइन दरखास्त प्रणाली career.nea.org.np मार्फत् आवेदन दिनुपर्नेछ ।

१) अधिकृत स्तरः

| बिज्ञापन नं. | पद | तह | सेवा | समूह | उपसमूह | पदसंख्या | खुला/ समावेशी | आवश्यक न्यूनतम शैक्षिक योग्यता |
|---|---|---|---|---|---|---|---|---|
| २०७६।७७ प्र.१०/१ | सह-निर्देशक | १० | प्रशासन | प्रशासन | प्रशासन | १ | महिला-१ | स्नातकोत्तर तह उत्तीर्ण र नेपाल सरकार वा संगठित संस्थाको अधिकृतस्तरको पदमा ७ वर्षको कार्यानुभव |
| २०७६।७७ प्रा.१०/२ | प्रवन्धक | १० | प्राविधिक | इलेक्ट्रिकल | इलेक्ट्रिकल | १ | आ.ज-१ | इलेक्ट्रिकल वा इलेक्ट्रोनिक्स इन्जिनियरिङ्गमा स्नातकोत्तर तह उत्तीर्ण र नेपाल सरकार वा संगठित संस्थाको अधिकृतस्तरको पदमा ७ वर्षको कार्यानुभव |
| २०७६।७७ प्र.९/३ | उपनिर्देशक | ९ | प्रशासन | लेखा | | १ | खुला-१ | वाणिज्यशास्त्र वा व्यापार प्रशासनमा स्नातकोत्तर तह उत्तीर्ण र नेपाल सरकार वा संगठित संस्थाको अधिकृतस्तरको पदमा ५ वर्षको कार्यानुभव |
| २०७६।७७ प्रा.९/४ | उप प्रवन्धक | ९ | प्राविधिक | इलेक्ट्रिकल | इलेक्ट्रिकल | १ | मधेशी-१ | इलेक्ट्रिकल इन्जिनियरिङ्गमा स्नातकोत्तर तह उत्तीर्ण र नेपाल सरकार वा संगठित संस्थाको अधिकृतस्तरको पदमा ५ वर्षको कार्यानुभव |
| २०७६।७७ प्रा.९/५ | उप प्रवन्धक | ९ | प्राविधिक | सिभिल | सिभिल | १ | खुला-१ | सम्बन्धित विषयमा स्नातकोत्तर तह उत्तीर्ण र नेपाल सरकार वा संगठित संस्थाको अधिकृतस्तरको पदमा ५ वर्षको कार्यानुभव |
| २०७६।७७ प्रा.८/६ | सहायक प्रवन्धक | ८ | प्राविधिक | इलेक्ट्रिकल | इलेक्ट्रिकल | १ | मधेशी-१ | इलेक्ट्रिकल इन्जिनियरिङ्गमा स्नातकोत्तर तह उत्तीर्ण र नेपाल सरकार वा संगठित संस्थाको अधिकृतस्तरको पदमा ५ वर्षको कार्यानुभव |
| २०७६।७७ प्रा.८/७ | सहायक प्रवन्धक | ८ | प्राविधिक | सिभिल | सिभिल | १ | खुला-१ | सम्बन्धित विषयमा स्नातकोत्तर तह उत्तीर्ण र नेपाल सरकार वा संगठित संस्थाको अधिकृतस्तरको पदमा ५ वर्षको कार्यानुभव |
| २०७६।७७ प्र.७/८ | प्रशासकीय अधिकृत | ७ | प्रशासन | प्रशासन | प्रशासन | ६ | खुला-३, महिला-१, आ.ज-१, पि.क्षे.-१ | स्नातकोत्तर तह उत्तीर्ण |
| २०७६।७७ प्र.७/९ | लेखा अधिकृत | ७ | प्रशासन | लेखा | | ६ | खुला-४, महिला-१, आ.ज.-१ | वाणिज्यशास्त्र वा व्यापार प्रशासनमा स्नातकोत्तर तह उत्तीर्ण |
| २०७६।७७ प्र.७/१० | कानून अधिकृत | ७ | प्रशासन | प्रशासन | कानून | १ | महिला-१ | कानूनमा स्नातकोत्तर तह उत्तीर्ण |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २०७६।७७ प्रा.७/११ | इञ्जिनियर | ७ | प्राविधिक | इलेक्ट्रिकल | इलेक्ट्रिकल | १२ | खुला-७, महिला-२, आ.ज-१, मधेसी-१, दलित-१ | इलेक्ट्रिकल इन्जिनियरिङ्गमा स्नातक तह उत्तीर्ण |
| २०७६।७७ प्रा.७/१२ | इञ्जिनियर | ७ | प्राविधिक | मेकानिकल | | ३ | खुला-२ मधेशी-१ | मेकानिकल इन्जिनियरिङ्गमा स्नातक तह उत्तीर्ण |
| २०७६।७७ प्रा.७/१३ | इञ्जिनियर | ७ | प्राविधिक | सिभिल | सिभिल | ६ | खुला-३, महिला-१, आ.ज-१, दलित-१ | सिभिल इन्जिनियरिङ्गमा स्नातक तह उत्तीर्ण |
| २०७६।७७ प्रा.७/१४ | सर्भे अधिकृत | ७ | प्राविधिक | सिभिल | सर्भे | १ | महिला-१ | सर्भे वा जियोम्याटिक्स इन्जिनियरिङ्गमा स्नातक तह उत्तीर्ण |
| २०७६।७७ प्रा.७/१५ | इञ्जिनियर | ७ | प्राविधिक | कम्प्युटर इञ्जिनियरिङ्ग | | २ | खुला-१, महिला-१ | कम्प्युटर इन्जिनियरिङ्गमा स्नातक तह उत्तीर्ण |

**२) सहायक स्तरः**

क) **पदः मिटररिडिङ्ग सुपरभाईजर,** तह : ५, सेवा : प्रशासन, समुहः प्रशासन, उपसमुहः प्रशासन

| बिज्ञापन नं. | प्रादेशिक क्षेत्र | पदसंख्या | खुला | समावेशी समुह | | | | | | आवश्यक न्युनतम शैक्षिक योग्यता |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | महिला | आ.ज. | मधेशी | दलित | अपाङ्ग | पि.क्षे. | |
| २०७६।७७ प्र.५/१०१ | विराटनगर | ५ | ३ | १ | - | १ | - | - | - | प्रविणता प्रमाणपत्र तह वा १०+२ उत्तीर्ण |
| २०७६।७७ प्र.५/२०१ | जनकपुर | ७ | ४ | १ | - | १ | - | १ | - | |
| २०७६।७७ प्र.५/३०१ | हेटौडा | १ | - | - | १ | - | - | - | - | |
| २०७६।७७ प्र.५/४०१ | काठमाडौ | १ | - | - | - | - | १ | - | - | |
| २०७६।७७ प्र.५/५०१ | पोखरा | १ | १ | - | - | - | - | - | - | |
| २०७६।७७ प्र.५/६०१ | वुटवल | ५ | ३ | - | १ | - | - | १ | - | |
| २०७६।७७ प्र.५/७०१ | नेपालगंज | ३ | २ | १ | - | - | - | - | - | |
| २०७६।७७ प्र.५/८०१ | अत्तरिया | ४ | २ | - | - | १ | १ | - | - | |
| २०७६।७७ प्र.५/९०१ | सुर्खेत | २ | १ | १ | - | - | - | - | - | |

**ख) पदः लेखापाल,** तहः ५, सेवाः प्रशासन, समूहः लेखा, उपसमूहः

| बिज्ञापन नं. | प्रादेशिक क्षेत्र | पदसंख्या | खुला | महिला | आ.ज. | मधेशी | दलित | अपाङ्ग | पि.क्षे. | आवश्यक न्युनतम शैक्षिक योग्यता |
|---|---|---|---|---|---|---|---|---|---|---|
| २०७६।७७ प्र.५/१०२ | विराटनगर | ३ | १ | १ | - | - | - | १ | - | वाणिज्यशास्त्र वा व्यापार प्रशासन लिई प्रविणता प्रमाणपत्र तह वा १०+२ उत्तीर्ण |
| २०७६।७७ प्र.५/२०२ | जनकपुर | ४ | २ | १ | १ | - | - | - | - | |
| २०७६।७७ प्र.५/३०२ | हेटौडा | २ | २ | - | - | - | - | - | - | |
| २०७६।७७ प्र.५/४०२ | काठमाडौं | २ | १ | १ | - | - | - | - | - | |
| २०७६।७७ प्र.५/५०२ | पोखरा | १ | - | - | - | - | १ | - | - | |
| २०७६।७७ प्र.५/६०२ | वुटवल | ३ | २ | १ | - | - | - | - | - | |
| २०७६।७७ प्र.५/७०२ | नेपालगंज | १ | - | - | १ | - | - | - | - | |
| २०७६।७७ प्र.५/८०२ | अत्तरिया | २ | १ | - | - | - | १ | - | - | |
| २०७६।७७ प्र.५/९०२ | सुर्खेत | २ | १ | १ | - | - | - | - | - | |

**ग) पदः सुपरभाईजर,** तह : ५, सेवा : प्राविधिक, समुहः ईलेक्ट्रिकल, उपसमुहः ईलेक्ट्रिकल

| बिज्ञापन नं. | प्रादेशिक क्षेत्र | पदसंख्या | खुला | महिला | आ.ज. | मधेशी | दलित | अपाङ्ग | पि.क्षे. | आवश्यक न्युनतम शैक्षिक योग्यता |
|---|---|---|---|---|---|---|---|---|---|---|
| २०७६।७७ प्रा.५/१०३ | विराटनगर | ७ | ४ | १ | १ | १ | - | - | - | ईलेक्ट्रिकल इन्जिनियरिङ्गमा प्रविणता प्रमाणपत्र तह वा डिप्लोमा उत्तीर्ण वा प्राविधिक शिक्षा तथा व्यवसायीक तालिम परिषदबाट प्रदान गरिएको सम्बन्धित विषयमा **तह तीनको** सीप परिक्षण उत्तीर्ण |
| २०७६।७७ प्रा.५/२०३ | जनकपुर | ६ | ३ | १ | १ | १ | - | - | - | |
| २०७६।७७ प्रा.५/३०३ | हेटौडा | २ | १ | - | १ | - | - | - | - | |
| २०७६।७७ प्रा.५/४०३ | काठमाडौ | ३ | २ | - | १ | - | - | - | - | |
| २०७६।७७ प्रा.५/५०३ | पोखरा | २ | १ | - | १ | - | - | - | - | |
| २०७६।७७ प्रा.५/६०३ | वुटवल | ४ | २ | १ | - | १ | - | - | - | |
| २०७६।७७ प्रा.५/७०३ | नेपालगंज | ३ | २ | - | १ | - | - | - | - | |
| २०७६।७७ प्रा.५/८०३ | अत्तरिया | ८ | ४ | २ | १ | - | - | १ | - | |
| २०७६।७७ प्रा.५/९०३ | सुर्खेत | ८ | ४ | १ | १ | १ | १ | - | - | |

**घ) पदः सुपरभाईजर,** तह : ५, सेवा : प्राविधिक, समुहः मेकानिकल, उपसमुहः

| बिज्ञापन नं. | प्रादेशिक क्षेत्र | पदसंख्या | खुला | महिला | आ.ज. | मधेशी | दलित | अपाङ्ग | पि.क्षे. | आवश्यक न्युनतम शैक्षिक योग्यता |
|---|---|---|---|---|---|---|---|---|---|---|
| २०७६।७७ प्रा.५/३०४ | हेटौडा | १ | - | - | १ | - | - | - | - | मेकानिकल इन्जिनियरिङ्गमा प्रविणता प्रमाणपत्र तह वा डिप्लोमा उत्तीर्ण वा प्राविधिक शिक्षा तथा व्यवसायीक तालिम परिषदबाट प्रदान गरिएको सम्बन्धित विषयमा **तह तीनको** सीप परिक्षण |
| २०७६।७७ प्रा.५/४०४ | काठमाडौ | २ | १ | - | - | १ | - | - | - | |
| २०७६।७७ प्रा.५/५०४ | पोखरा | ३ | २ | १ | - | - | - | - | - | |

**ङ) पदः सुपरभाईजर,** तह : ५, सेवा : प्राविधिक, समुहः सिभिल, उपसमुहः सिभिल

| बिज्ञापन नं. | प्रादेशिक क्षेत्र | पदसंख्या | खुला | महिला | आ.ज. | मधेशी | दलित | अपाङ्ग | पि.क्षे. | आवश्यक न्युनतम शैक्षिक योग्यता |
|---|---|---|---|---|---|---|---|---|---|---|
| २०७६।७७ प्रा.५/४०५ | काठमाडौ | ३ | २ | १ | - | - | - | - | - | सिभिल इन्जिनियरिङ्गमा प्रविणता प्रमाणपत्र तह वा डिप्लोमा उत्तीर्ण वा प्राविधिक शिक्षा तथा व्यवसायीक तालिम परिषदबाट प्रदान गरिएको सम्बन्धित विषयमा **तह तीनको** सीप परिक्षण |
| २०७६।७७ प्रा.५/५०५ | पोखरा | १ | - | - | १ | - | - | - | - | |
| २०७६।७७ प्रा.५/६०४ | बुटवल | १ | १ | - | - | - | - | - | - | |

**च) पदः ड्रिलिङ सुपरभाईजर,** तह : ५, सेवा : प्राविधिक, समुहः मेकानिकल, उपसमुहः

| बिज्ञापन नं. | प्रादेशिक क्षेत्र | पदसंख्या | खुला | महिला | आ.ज. | मधेशी | दलित | अपाङ्ग | पि.क्षे. | आवश्यक न्युनतम शैक्षिक योग्यता |
|---|---|---|---|---|---|---|---|---|---|---|
| २०७६।७७ प्रा.५/४०६ | काठमाडौ | १ | १ | - | - | - | - | - | - | मेकानिकल इन्जिनियरिङ्गमा प्रविणता प्रमाणपत्र तह वा डिप्लोमा उत्तीर्ण वा प्राविधिक शिक्षा तथा व्यवसायीक तालिम परिषदबाट प्रदान गरिएको सम्बन्धित विषयमा **तह तीनको** सीप परिक्षण |

छ) **पदः ड्राफ्टमेन,** तह : ५, सेवा : प्राविधिक, समुहः सिभिल, उपसमुहः सिभिल

| बिज्ञापन नं. | प्रादेशिक क्षेत्र | पदसंख्या | खुला | महिला | आ.ज. | मधेशी | दलित | अपाङ्ग | पि.क्षे. | आवश्यक न्युनतम शैक्षिक योग्यता |
|---|---|---|---|---|---|---|---|---|---|---|
| २०७६।७७ प्रा.५/४०७ | काठमाडौ | १ | १ | - | - | - | - | - | - | सिभिल इन्जिनियरिङ्गमा प्रविणता प्रमाणपत्र तह वा डिप्लोमा उत्तीर्ण वा प्राविधिक शिक्षा तथा व्यवसायीक तालिम परिषदबाट प्रदान गरिएको सम्बन्धित विषयमा **तह तीनको** सीप परिक्षण |

ज) **पदः सिनियर मिटर रिडर,** तह : ४, सेवा : प्रशासन, समुहः प्रशासन, उपसमुहः प्रशासन

| बिज्ञापन नं. | प्रादेशिक क्षेत्र | पदसंख्या | खुला | महिला | आ.ज. | मधेशी | दलित | अपाङ्ग | पि.क्षे. | आवश्यक न्युनतम शैक्षिक योग्यता |
|---|---|---|---|---|---|---|---|---|---|---|
| २०७६।७७ प्र.४/१०४ | विराटनगर | ४ | २ | १ | १ | - | - | - | - | प्रविणता प्रमाणपत्र तह उत्तीर्ण वा १०+२ उत्तीर्ण |
| २०७६।७७ प्र.४/२०४ | जनकपुर | ६ | ४ | - | १ | - | - | - | १ | |
| २०७६।७७ प्र.४/४०८ | काठमाडौ | २ | १ | - | १ | - | - | - | - | |
| २०७६।७७ प्र.४/५०६ | पोखरा | २ | १ | - | - | - | - | - | १ | |
| २०७६।७७ प्र.४/६०५ | वुटवल | २ | १ | १ | - | - | - | - | - | |
| २०७६।७७ प्र.४/७०४ | नेपालगंज | १ | १ | - | - | - | - | - | - | |
| २०७६।७७ प्र.४/८०४ | अत्तरिया | ३ | २ | - | १ | - | - | - | - | |
| २०७६।७७ प्र.४/९०४ | सुर्खेत | ३ | २ | १ | - | - | - | - | - | |

झ) **पदः सहायक लेखापाल,** तह : ४, सेवा : प्रशासन, समुहः लेखा, उपसमुहः

| बिज्ञापन नं. | प्रादेशिक क्षेत्र | पदसंख्या | खुला | महिला | आ.ज. | मधेशी | दलित | अपाङ्ग | पि.क्षे. | आवश्यक न्युनतम शैक्षिक योग्यता |
|---|---|---|---|---|---|---|---|---|---|---|
| २०७६।७७ प्र.४/१०५ | विराटनगर | २ | १ | - | - | १ | - | - | - | वाणिज्यशास्त्र वा व्यापार प्रशासन लिई प्रविणता प्रमाणपत्र तह वा १०+२ उत्तीर्ण |
| २०७६।७७ प्र.४/२०५ | जनकपुर | ४ | २ | - | - | १ | - | - | १ | |
| २०७६।७७ प्र.४/४०९ | काठमाडौ | २ | १ | १ | - | - | - | - | - | |
| २०७६।७७ प्र.४/६०६ | वुटवल | १ | - | - | - | - | - | - | १ | |
| २०७६।७७ प्र.४/८०५ | अत्तरिया | १ | १ | - | - | - | - | - | - | |
| २०७६।७७ प्र.४/९०५ | सुर्खेत | २ | १ | १ | - | - | - | - | - | |

ञ) **पदः फोरमेन** तह : ४, सेवा : प्राविधिक, समुहः ईलेक्ट्रिकल, उपसमुहः ईलेक्ट्रिकल

| बिज्ञापन नं. | प्रादेशिक क्षेत्र | पदसंख्या | खुला | महिला | आ.ज. | मधेशी | दलित | अपाङ्ग | पि.क्षे. | आवश्यक न्युनतम शैक्षिक योग्यता |
|---|---|---|---|---|---|---|---|---|---|---|
| २०७६।७७ प्रा.४/१०६ | विराटनगर | ८ | ५ | १ | - | १ | १ | - | - | ईलेक्ट्रिकल इन्जिनियरिङ्गमा प्रविणता प्रमाणपत्र तह वा डिप्लोमा उत्तीर्ण वा प्राविधिक शिक्षा तथा व्यवसायीक तालिम परिषदबाट प्रदान गरिएको सम्बन्धित विषयमा **तह दुईको** सीप परिक्षण उत्तीर्ण |
| २०७६।७७ प्रा.४/२०६ | जनकपुर | १० | ५ | १ | २ | १ | - | १ | - | |
| २०७६।७७ प्रा.४/४१० | काठमाडौ | २ | १ | १ | - | - | - | - | - | |
| २०७६।७७ प्रा.४/५०७ | पोखरा | ३ | २ | - | - | - | १ | - | - | |
| २०७६।७७ प्रा.४/६०७ | वुटवल | ३ | २ | - | १ | - | - | - | - | |
| २०७६।७७ प्रा.४/७०५ | नेपालगंज | २ | १ | - | - | - | १ | - | - | |
| २०७६।७७ प्रा.४/८०६ | अत्तरिया | ५ | ३ | - | १ | - | - | १ | - | |
| २०७६।७७ प्रा.४/९०६ | सुर्खेत | ६ | ३ | १ | १ | १ | - | - | - | |

ट) पदः फोरमेन, तह : ४, सेवाः प्राविधिक, समुहः मेकानिकल उपसमुहः

| बिज्ञापन नं. | प्रादेशिक क्षेत्र | पदसंख्या | खुला | महिला | आ.ज. | मधेशी | दलित | अपाङ्ग | पि.क्षे. | आवश्यक न्युनतम शैक्षिक योग्यता |
|---|---|---|---|---|---|---|---|---|---|---|
| २०७६।७७ प्रा.४/१०७ | विराटनगर | १ | १ | - | - | - | - | - | - | मेकानिकल इन्जिनियरिङ्गमा प्रविणता प्रमाणपत्र तह वा डिप्लोमा उत्तीर्ण वा प्राविधिक शिक्षा तथा व्यवसायीक तालिम परिषदबाट प्रदान गरिएको सम्बन्धित विषयमा **तह दुईको** सीप परिक्षण उत्तीर्ण |
| २०७६।७७ प्रा.४/३०५ | हेटौडा | २ | १ | १ | - | - | - | - | - | |
| २०७६।७७ प्रा.४/४११ | काठमाडौं | १ | - | - | - | १ | - | - | - | |
| २०७६।७७ प्रा.४/५०८ | पोखरा | २ | १ | १ | - | - | - | - | - | |

ठ) पदः फोरमेन, तह : ४, सेवा : प्राविधिक, समुहः सिभिल, उपसमुहः सिभिल

| बिज्ञापन नं. | प्रादेशिक क्षेत्र | पदसंख्या | खुला | महिला | आ.ज. | मधेशी | दलित | अपाङ्ग | पि.क्षे. | आवश्यक न्युनतम शैक्षिक योग्यता |
|---|---|---|---|---|---|---|---|---|---|---|
| २०७६।७७ प्रा.४/४१२ | काठमाडौं | २ | - | - | - | १ | १ | - | - | सिभिल इन्जिनियरिङ्गमा प्रविणता प्रमाणपत्र तह वा डिप्लोमा उत्तीर्ण वा प्राविधिक शिक्षा तथा व्यवसायीक तालिम परिषदबाट प्रदान गरिएको सम्बन्धित विषयमा **तह दुईको** सीप परिक्षण उत्तीर्ण |
| २०७६।७७ प्रा.४/५०९ | पोखरा | १ | १ | - | - | - | - | - | - | |

ड) पदः ईलेक्ट्रिसियन तह : ३, सेवा : प्राविधिक, समुहः ईलेक्ट्रिकल, उपसमुहः ईलेक्ट्रिकल

| बिज्ञापन नं. | प्रादेशिक क्षेत्र | पदसंख्या | खुला | महिला | आ.ज. | मधेशी | दलित | अपाङ्ग | पि.क्षे. | आवश्यक न्युनतम शैक्षिक योग्यता |
|---|---|---|---|---|---|---|---|---|---|---|
| २०७६।७७ प्रा.३/१०८ | विराटनगर | ७ | ४ | १ | १ | १ | - | - | - | सम्बन्धित विषयमा प्राविधिक एस.एल.सी. उत्तीर्ण वा प्राविधिक एस.ई.ई.मा कम्तिमा सि.प्लस ग्रेड ल्याई उत्तीर्ण वा प्राविधिक शिक्षा तथा व्यवसायीक तालिम परिषदबाट प्रदान गरिएको सम्बन्धित विषयमा **तह एकको** सीप परिक्षण उत्तीर्ण |
| २०७६।७७ प्रा.३/२०७ | जनकपुर | २० | ११ | २ | ३ | २ | - | १ | १ | |
| २०७६।७७ प्रा.३/३०६ | हेटौडा | ३ | २ | - | १ | - | - | - | - | |
| २०७६।७७ प्रा.३/४१३ | काठमाडौ | ५ | ३ | १ | - | १ | - | - | - | |
| २०७६।७७ प्रा.३/६०८ | वुटवल | ६ | ३ | १ | १ | १ | - | - | - | |
| २०७६।७७ प्रा.३/७०६ | नेपालगंज | ४ | २ | १ | १ | - | - | - | - | |
| २०७६।७७ प्रा.३/८०७ | अत्तरिया | ५ | ३ | १ | १ | - | - | - | - | |
| २०७६।७७ प्रा.३/९०७ | सुर्खेत | ६ | ३ | १ | १ | १ | - | - | - | |

ढ) पदः जुनियर मिस्त्री तह : ३, सेवा : प्राविधिक, समुहः मेकानिकल उपसमुहः

| बिज्ञापन नं. | प्रादेशिक क्षेत्र | पदसंख्या | खुला | महिला | आ.ज. | मधेशी | दलित | अपाङ्ग | पि.क्षे. | आवश्यक न्युनतम शैक्षिक योग्यता |
|---|---|---|---|---|---|---|---|---|---|---|
| २०७६।७७ प्रा.३/१०९ | विराटनगर | १ | - | १ | - | - | - | - | - | सम्बन्धित विषयमा प्राविधिक एस.एल.सी. उत्तीर्ण वा प्राविधिक एस.ई.ई.मा कम्तिमा सि प्लस ग्रेड ल्याई उत्तीर्ण वा प्राविधिक शिक्षा तथा व्यवसायीक तालिम परिषदबाट प्रदान गरिएको सम्बन्धित विषयमा **तह एकको** सीप परिक्षण उत्तीर्ण |
| २०७६।७७ प्रा.३/४१४ | काठमाडौ | ३ | - | १ | - | १ | १ | - | - | |
| २०७६।७७ प्रा.३/५१० | पोखरा | २ | १ | - | १ | - | - | - | - | |
| २०७६।७७ प्रा.३/९०८ | सुर्खेत | २ | १ | १ | - | - | - | - | - | |

ण) पदः जुनियर टेक्निसियन तह : ३, सेवा : प्राविधिक, समुहः सिभिल, उपसमुहः सिभिल

| बिज्ञापन नं. | प्रादेशिक क्षेत्र | पदसंख्या | खुला | महिला | आ.ज. | मधेशी | दलित | अपाङ्ग | पि.क्षे. | आवश्यक न्युनतम शैक्षिक योग्यता |
|---|---|---|---|---|---|---|---|---|---|---|
| २०७६।७७ प्रा.३/४१५ | काठमाडौं | १ | - | १ | - | - | - | - | - | सम्बन्धित विषयमा प्राविधिक एस.एल.सी. उत्तीर्ण वा प्राविधिक एस.ई.ई.मा कम्तिमा सि प्लस ग्रेड ल्याई उत्तीर्ण वा प्राविधिक शिक्षा तथा व्यवसायीक तालिम परिषदबाट प्रदान गरिएको सम्बन्धित विषयमा **तह एकको** सीप परिक्षण उत्तीर्ण |

**नोटः**

१) **परीक्षाको किसिमः** लिखित र अन्तर्वार्ता ।

२) **पाठ्यक्रमः** विज्ञापित पदहरुको पाठ्यक्रम प्राधिकरणको ध्भदकष्तभ बाट प्राप्त गर्न सकिनेछ ।

३) **परीक्षा दस्तुरः**

**अधिकृत स्तरः** तह १० को लागि रु. २०००।-, तह ९ र तह ८ को लागि रु. १५००।-, तह ७ को लागि रु. १२००।- लाग्नेछ भने एक उम्मेदवारले एउटै पदको एक भन्दा बढी समूहमा सहभागी हुने भएमा तह ८ देखि १० को प्रत्येक समूहको लागि रु. ५००।-, तह ७ को प्रत्येक समुहको लागि रु. ४००।-थप दस्तुर लाग्नेछ ।

सहायक स्तरः तह ५ को लागि रु. ८००।- तह ४ र तह ३ को लागि रु. ६००।- लाग्नेछ भने एक उम्मेदवारले एउटै पदको एक भन्दा बढी समूहमा सहभागी हुने भएमा तह ५ को प्रत्येक समुहको लागि थप रु.३००।-, तह ४ र ३ को प्रत्येक समूहको लागी रु. २००।- थप दस्तुर लाग्नेछ ।

४) **उमेरः** दरखास्त दिने अन्तिम मितिसम्ममा, **अधिकृत स्तरः** तह ७ को पदमा २१ वर्ष पुरा भई ३५ वर्ष ननाघेको तर महिला तथा अपाङ्ग उमेदवारको हकमा ४० वर्ष ननाघेको । तह ८ वा सो भन्दा माथिको पदको लागि ४० वर्ष उमेर ननाघेको । **सहायक स्तरः** तह ३, ४ र ५ का पदमा १८ वर्ष पुरा भई ३५ वर्ष ननाघेको तर महिला तथा अपाङ्ग उमेदवारको हकमा ४० वर्ष ननाघेको हुनुपर्नेछ ।

५) नेपाल विद्युत प्राधिकरणको प्रचलित कर्मचारी सेवा, शर्त विनियमावली २०७५ (संशोधनसहित) बमोजिम उम्मेदवार हुन अयोग्य नभएको हुनुपर्नेछ ।

६) **तह ८,९ र १० का पदमा उमेदवार हुन निम्नानुसारको कार्य अनुभव हुनुपर्नेछः**

देहाय बमोजिमको निकायमा रहि सम्बन्धित क्षेत्रको अधिकृतस्तरमा गरेको कामको अनुभव पेश भएकोमा त्यस्तो पदको नियुक्तिपत्र वा करारनामा र सेवा अवधि प्रमाणित गरिएको सम्बन्धित निकायको पत्रको आधारमा त्यस्तो कार्यानुभवलाई मान्यता दिइनेछः- (क) निजामती तथा अन्य सरकारी निकाय, (ख) नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्वमा संचालित संगठित संस्था, (ग) विकास समिति ऐन, २०१३ बमोजिम गठित विकास समिति, (घ) विशेष ऐनद्वारा स्थापित संस्था वा निकाय, (ङ) संयुक्त राष्ट्र संघ, यसका अंग तथा विशिष्टिकृत निकाय, (च) अन्तर सरकारी क्षेत्रीय तथा अन्तर्राष्ट्रिय संगठनहरु, (छ) विश्वविद्यालयका आंगिक क्याम्पस, (ज) सामुदायिक विद्यालय ।

- माथि उल्लेख भए बाहेकको अन्य निकायको अनुभव पेश गरेकोमा नियुक्तिपत्र वा करारनामा र सेवा प्रमाणित गरिएको सम्बन्धित निकायको पत्रको अतिरिक्त त्यस्तो निकायमा अधिकृत स्तरका कर्मचारी भर्नाको प्रकृया, योग्यता, संगठन संरचना लगायत कर्मचारीको सेवाका शर्त समेतका विषय समावेश गरिएको नियम वा विनियम वा निर्देशिका वा कार्यविधिसमेत पेश गर्नुपर्ने र त्यस्तो नियम वा विनियम वा निर्देशिका वा कार्यविधिमा भएको व्यवस्थाबमोजिम अधिकृतस्तरमा भर्ना भएको एकिन हुने अनुभवलाई मात्र मान्यता दिइनेछ ।
- कुनै एक सरकारी कार्यालय वा सार्वजनिक संस्थामा कार्यरत रहेकै अवधिभित्र अन्य संस्थामा कार्य गरेको कार्य अनुभवलाई मान्यता दिइनेछैन ।
- एउटै अवधिमा दुई वा सो भन्दा बढी निकायमा काम गरेको भएमा पूरा समय काम गरेको कुनै एकको अनुभव मात्र गणना गरिनेछ ।
- प्रतिहप्ता ४० घण्टा भन्दा कम समय काम गरेको अनुभव (आंशिक रुपमा काम गरेको) लाई मान्यता दिइनेछैन ।
- नियुक्ति पत्र वा करारनामामा नै आंशिक रुपमा (पार्ट टाईम) काम गर्ने उल्लखे भएकोमा सो अनुभवलाई मान्यता दिइने छैन ।
- सहायकस्तरमा पदाधिकार रही अधिकृतस्तरमा कायम मूकायम वा निमित्त भई सेवा गरेको अवधिलाई अधिकृतस्तरको अनुभव मानिने छैन ।

७) **दरखास्त दिने अन्तिम मितिः** २०७६/११/२२ सम्म र दोब्बर दस्तुर तिरी २०७६/११/२९ सम्म

८) **तलव, सुविधा र सेवा शर्तः** नेपाल विद्युत प्राधिकरणको कर्मचारी सेवा, शर्त विनियमावली २०७५ (संशोधनसहित) र प्राधिकरणको अन्य नियमानुसार ।

९) **कार्य गर्नुपर्ने स्थानः** अधिकृतस्तरका पदहरुको लागि नेपाल राज्यभर । सहायकस्तरका पदहरुको लागि आवेदन फाराम बुझाउने प्रादेशिक कार्यालय/प्रादेशिक डिभिजन कार्यालय अन्तर्गतका विभिन्न कार्यालयहरु । कर्मचारी सेवा, शर्त विनियमावली, २०७५ (संशोधनसहित) अनुसार प्रादेशिक स्तरको विज्ञापनबाट छनौट भई नियुक्त हुने कर्मचारीलाई ७ (सात) वर्षसम्म सो क्षेत्र भित्रका कार्यालय वाहेक अन्यत्र सरुवा गरिने छैन । तर महिला र अपाङ्ग कर्मचारीको हकमा ५ (पाँच) वर्ष पुरा भएपछि अन्य प्रादेशिक कार्यालयमा सरुवा गर्न सकिनेछ ।

१०) **पदले गर्नु पर्ने कामः** सम्वन्धित सेवा, समुह र उपसमुहले गर्नु पर्ने कार्यहरु ।

११) **परीक्षणकालको अवधिः** १ वर्ष तर महिलाको हकमा ६ महिना मात्र ।

१२) **उल्लेखित पदहरुको लिखित परीक्षा लोक सेवा आयोगबाट सम्बन्धित प्रादेशिक क्षेत्रमा हुनेछ** र सबै क्षेत्रको एउटै पदको लिखित परीक्षा एकै दिन पनि सञ्चालन हुन सक्नेछ ।

१३) लिखित परीक्षाको कार्यक्रम तालिका मिति २०७६ चैत्र २१ गतेका दिन प्रकाशित गरिनेछ ।

१४) विज्ञापन रद्द भएको अवस्थामा वाहेक परीक्षा दस्तुर फिर्ता हुने छैन ।

१५) दोब्बर दस्तुरको म्यादलाई उमेर, शैक्षिक योग्यता, तालिम, कार्यानुभव तथा नोकरी अवधिको प्रयोजनका लागि गणना गरिने छैन ।

१६) समावेशीतर्फ दरखास्त दिने उम्मेदवारहरुले निम्न वमोजिमका कागजातहरुसमेत अनिवार्य रुपमा दरखास्तसाथ अपलोड पेश गर्नु पर्नेछः

(क) आदिवासी/जनजातिका हकमा नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सुचिकृत भएको जातिको हकमा सोही सुचीको आधारमा, तर नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सुचिकृत भएको जाति भित्र एक भन्दा बढी थरहरु भएमा सम्वन्धित स्थानिय निकायको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीवाट सुचिकृत भएको जाति भित्रको थर भनि प्रमाणित गरिदिएको प्रमाणपत्र ।

(ख) मधेसीको हकमा नेपाल सरकारले नेपाल राजपत्रमा सुचना प्रकाशित गरी तोके बमोजिमको संस्थाबाट मधेसी भनी प्रमाणित गरेको आधारमा, तर नेपाल राजपत्रमा सुचना प्रकाशन गरी नतोकेसम्म सम्वन्धित स्थानीय निकायको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट मधेसी भनी प्रमाणित गरिदिएको प्रमाणपत्र ।

(ग) दलितका हकमा राष्ट्रिय दलित आयोगबाट सुचिकृत भएको जातिको हकमा सोही सुचिको आधारमा, तर नेपाल राष्ट्रिय दलित आयोगबाट सुचिकृत भएको जातिभित्र एक भन्दा बढी थरहरु भएमा सम्वन्धित स्थानीय निकायको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सुचिकृत भएको जाति भित्रको थर भनी प्रमाणित गरिदिएको प्रमाणपत्र ।

(घ) अपाङ्गका हकमा स्वीकृत चिकित्सकको सिफारिसमा समाज कल्याण परिषद्/सम्बन्धित स्थानीय तहबाट अपाङ्गता प्रमाणित गरेको परिचय पत्र ।

(ङ) पिछडिएको क्षेत्रको हकमा अछाम, कालीकोट, जाजरकोट, जुम्ला, डोल्पा, बझाङ्ग, बाजुरा, मुगु र हुम्ला जिल्लामा स्थायी बसोबास उल्लेख गरी सम्बन्धित जिल्लाबाट प्राप्त गरिएको नागरिकताको प्रमाणपत्र तथा सम्बन्धित गाउंपालिका वा नगरपालिकाबाट हाल सोही स्थानमा स्थायी बसोबास भएको भनी प्रमाणित गरेको पत्र ।

१७) <u>दरखास्त फाराम भर्नुभन्दा पहिले उम्मेदवारहरुलाई आवश्यक पर्ने कुराहरु:</u>

- उम्मेदवारको दुवै कान देखिने <u>150 Pixel</u> को <u>Scanning</u> गरेको वा <u>Camera</u> बाट खिचेको पासपोर्ट साईजको <u>Digital</u> फोटो ।
- उम्मेदवारको दरखास्तको <u>Digital</u> कपी ।
- कार्यअनुभवको हकमा अनुभव सम्बन्धी विवरण फाराम भरी सम्बन्धित संस्थाले सिफारिस गरिदिएको प्रमाणपत्रको <u>Digital</u> कपी ।
- न्युनतम शैक्षिक योग्यताको प्रमाणपत्रको <u>Digital</u> कपी ।
- उमेद्वारको व्यक्तिगत विवरण, शैक्षिक योग्यता, तालीम, अनुभव लगायत दरखास्त फाराममा माग गरिएका अन्य विवरणहरु ।

१८) **अपलोड गर्नुपर्ने कागजातहरुः** उमेद्वारले शैक्षिक योग्यता (न्युनतम शैक्षिक योग्यताको मात्र), तालिम, अनुभव, चारित्रिक प्रमाणपत्र, विदेशी शिक्षण संस्थावाट प्रमाणपत्र पाएका उम्मेदवारहरुको हकमा समकक्षता तथा अधिकृतस्तरका इलेक्ट्रिकल/मेकानिकल/सिभिल/सर्भे/कम्प्युटर इञ्जिनियर जस्ता पदका लागि नेपाल इञ्जिनियरिङ्ग परिषदमा दर्ता भएको प्रमाणपत्र लगायत सम्बन्धित विज्ञापनमा तोकिएका कागजपत्र अनलाईन दरखास्त प्रणालीको तोकिएको स्थानमा PDF Format मा अपलोड गनुपर्नेछ । उमेद्वारहरुले आफ्नो फोटो, नागरिकताको प्रमाणपत्र, दस्तखत तथा समावेशी समूहको हकमा समावेशी प्रमाणपत्र स्क्यान गरी JPG Format मा अपलोड गर्नुपर्नेछ ।

१९) **<u>प्राधिकरणको अनलाइन प्रणालीबाट दरखास्त तथा परीक्षा दस्तुर बुझाउने विधि:</u>**

क) <u>Online फाराम भर्ने तरिका :</u>

१. Online मार्फत दरखास्त फाराम भर्ने उम्मेदवारले सर्वप्रथम आफ्नो User Create गरी सो User Name बाट Login गरी दरखास्त फाराम भर्न सक्नेछन् ।

२. उम्मेदवारले आफ्नो विवरण सत्य, तथ्य, र प्रष्ट रुपमा भर्नु पर्नेछ । झुठा विवरण पेश गरेको ठहरिएमा जुनसुकै बखत दरखास्त तथा परीक्षा रद्ध गरी प्रचलित कानुन बमोजिम कारवाही समेत हुनेछ ।

३. उम्मेदवारले एक पटक विवरण भरिसकेपछि पटक पटक विवरण भरिरहनु पर्ने छैन ।

ख) <u>User Profile बनाउने तरिका:</u>

१. प्राधिकरणको वेभसाइट career.nea.org.np मा प्रवेश गरेपछि प्राप्त हुने Screen को दायाँतर्फ Top मा देखिने Window को Register Menu मा Click गर्नुपर्नेछ ।

२. उम्मेदवारले तोकिए बमोजिमका सम्पूर्ण विवरणहरु भरिसकेपछि अन्त्यमा रहेको Register Button मा Click गर्नुपर्नेछ ।

३. उम्मेदवार स्वयंले राखेको User name (email address) र Password बाट नै उम्मेदवारले Login गर्नुपर्नेछ ।

४. उम्मेदवारले Login गरेपछि Bigyapan, Personal, Contact, Education, Training आदि विवरणहरु रहेको Window देखापर्नेछ । सो विवरणहरु भरीसकेपछि Window को अन्त्यमा रहेको Save & Next मा Click गरी अन्य विवरणहरु क्रमैसँग भर्दै जानुपर्नेछ ।

५. एउटा विवरण भरिसकेपछि अर्को विवरण भर्नका लागि Next Button मा Click गर्दै जानुपर्नेछ । भरिसकेका विवरणहरु सच्चाउनु परेमा Back Button मा Click गर्नुपर्नेछ ।

६. उम्मेदवारले आफ्नो मुखाकृति स्पष्ट देखिने हालसालै खिचेको पासपोर्ट साइजको (कम्तीमा १५० पिक्सेल) फोटो र स्पष्ट देखिने दस्तखतको नमुना Scan गरी Upload गर्नुपर्नेछ ।

७. फोटो र दस्तखत Upload गरिसकेपछि उम्मेदवारले आफ्नो विवरणको Preview हेर्न सक्नेछन् ।

ग) <u>परीक्षा दस्तुर बुझाउने तरिका:</u>

उम्मेदवारले सम्पूर्ण विवरण भरी सकेपछि Vacancy Tab मा रहेको विज्ञापन किसिम अन्तर्गत अधिकृत स्तर र सहायक स्तर मध्येबाट कुनै एउटाको छनौट गरी विज्ञापनमा उल्लेखित विवरणहरु भरी सकेपछि Apply मा Click गर्ने । त्यसपछि Payment Tab भित्र गई Payment Mode हरुः eSewa, connect IPS, Fonepay र Token pay मध्ये कुनै एकबाट तोकिएबमोजिमको परीक्षा दस्तुर बुझाउन सक्नेछ ।
उक्त Payment Mode हरु मध्ये eSewa, connect IPS र Fonepay को हकमा सो सेवा प्रदायक संस्थाबाट प्राप्तहुने Username र Password प्रयोग गरि Payment गर्न सकिनेछ ।

connectIPS को सेवा प्रयोग गर्नुपूर्व एक पटक www.connectips.com मा गई Sign Up गर्नका साथै उक्त प्रणालीसँग जोडिएका बैंकहरुमध्ये आफ्नो खाता रहेको बैंकको खातालाई ल्लिप गरी सो बैंकबाट verify गराईएको हुनुपर्नेछ ।

Token Pay को हकमा System बाट generate हुने Token number सुरक्षित राखी विज्ञापन प्रकाशित भएको मितिले २१ दिनभित्र रकम भुक्तानी गर्दा सिंगल दस्तुर बराबरको रकम eSewa, connectIPS, Fonepay, Tokenpay बाट भुक्तान गर्न सकिनेछ, तर २१ दिनपछिको ७ दिनभित्र भुक्तानी गर्दा डबल दस्तुर बरावरको रकम लाग्नेछ ।

घ) **प्रवेशपत्र लिने तरिका:**

१. उम्मेदवारले प्रवेश पत्रका लागि आफ्नो User Name (Email Id) र Password बाट Sign In गर्नुपर्नेछ ।

२. Sign In गरेपछि देखिएको Window को Home Menu को दायाँ तर्फ Top मा Display हुने उम्मेदवारकै नाममा Click गरेपछि आउने Admit card मा Click गरी आफूले फाराम भरेको विज्ञापनको प्रवेशपत्र हेर्न र प्रिन्ट गर्न सकिनेछ । उम्मेदवारले परीक्षा दिन आउँदा अनिवार्य रुपमा प्रवेश पत्र Print गरी ल्याउनुपर्नेछ ।

**सदस्य सचिव**
**पदपूर्ति समिति**